का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १८, अंक २०
६ फागुन २०७६, मंगलबार
18 February 2020, Tuesday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

# महरालाई सफाइ

**संसद सचिवालयकी एक महिलामाथि बलात्कार प्रयासको आरोपमा गएको असोज १९ गते पक्राउ परेका पूर्व सभामुख कृष्णबहादुर महरालाई जिल्ला अदालत काठमाडौंले सफाइ दिएको छ । महरालाई स्वागत गर्न नेकपाका कार्यकर्ता डिल्लीबजार कारागार पुगेका थिए ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

यौनकाण्डमा मुछिएका पूर्वसभामुख कृष्णबहादुर महराले अदालतबाट सफाइ पाएका छन् । प्रतिनिधिसभाको सभामुख छँदा संसद सचिवालयमा कार्यरत रोशनी शाहीमाथि बलात्कार प्रयासको आरोप लागेको थियो । उक्त मुद्दामा जिल्ला अदालत काठमाडौंबाट महराले सफाइ पाएका हुन् । सोमबार जिल्ला न्यायाधीश अम्बरराज पौडेलको इजलासले महरालाई सफाइ दिएको हो ।

महरा र शाहीको इनकारी बयान र प्रमाणको अभावका आधारमा सफाइ दिइएको छ । अदालतका श्रेष्तेदार आनन्दप्रसाद श्रेष्ठले भने, 'महराले तत्काल अनुसन्धानको क्रममा र अदालतमा दिएको बयान, जाहेरी दिने महिलाले घटना घटेको दिन महरा आफ्नो डेरामा आउँदै नआएको र आफूलाई कुटपिट नगरेको भन्ने बयान दिएको, परीक्षणका लागि पठाइएको गिलास र चश्मामा रहेको औँठाको छाप महराको औँठाको छापसँग तुलनात्मक रुपमा नमिलेकाले महरा निर्दोष ठहर भएको हो ।'



महराको पक्षबाट रमण श्रेष्ठ, शेरबहादुर केसी, लभ मैनाली, दीनमणि पोखरेल, भीमार्जुन आचार्यलगायतले बहस गरेका थिए भने सरकारी पक्षबाट उमाकान्त खनाललगायत वकिलहरूले वहस गरेका थिए । आफूमाथि बलात्कार प्रयासको आरोप लागेपछि पूर्वसभामुख महराले असोज १४ गते राजीनामा दिएका थिए । जिल्ला अदालत काठमाडौंले गत कार्तिक १८ गते महरालाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

**'एमसीसी मुर्दावाद'**

महरा सोमबार नै डिल्लीबजार कारागारबाट रिहा भएका छन् । डिल्लीबजार कारागारबाट रिहाइ हुँदा उनलाई डिल्लिबजार कारागरा बाहिर भव्य स्वागत गरिएको छ । डिल्लीबजार कारागार बाहिर उनको स्वागतका लागि भीड जम्मा भएको थियो । महराका परिवार र आफन्तसँगै नेकपाका नेता कार्यकर्ताहरु कारागार अगाडि जम्मा भएका थिए । रिहा भएपछि छोटो प्रतिक्रिया दिएका महराले थुनामा रहँदा सबैले राम्रो व्यवहार गरेको भन्दै आभार व्यक्त गरे । उनको स्वागतका लागि राष्ट्रिय झण्डासहित शुभचिन्तकहरु डिल्लिबजार कारागार पुगेका थिए ।

महरा जेलबाट बाहिरिने क्रममा उनका समर्थकले

बाँकी पृष्ठ २ मा

## खुशी छुः रोशनी

तत्कालीन सभामुख कृष्णबहादुर महराविरुद्ध जबर जस्ती करणी प्रयासको आरोप लगाएकी संसद सचिवालयकी कर्मचारी रोशनी शाहीले जिल्ला अदालतको फैसलाबाट आफू खुशी रहेको प्रतिक्रिया दिएकी छिन् । सञ्चारकर्मीहरुसँगको प्रतिक्रियामा उनले भनेकी छिन्, 'अदालतले न्याय गरेको छ । महरा सरलाई फसाउन खोजिएको थियो । सम्मानित अदालत धन्यवाद दिन चहान्छु ।'

आफूहरुले न्याय पाएको दाबीसहित उनले भनिन्, 'आज हामीले न्याय पाएका छौं । म त हामी भन्न चाहन्छु । किनभने यो घटनामा महरा सरलाई पनि अन्याय भएको छ । मलाई पनि अन्याय भएको छ । १४ असोजदेखि नै मैले होइन भनेको भन्यै छु । तर सबैले उचाले । सबैभन्दा बढी मिडियाले उचाले, त्यसपछि प्रहरीले । मलाई प्रहरीले पनि ९ घण्टा अघोषित हिरासतमा राखेर जाहेरी दिन लगायो । त्यो ९ घण्टा त म अहिले सँभिmन पनि सक्दिन ।'

# तुम्वाहाङ्फे कानुन मन्त्री



**काठमाडौं/मस–** निवर्तमान उपसभामुख डा. शिवमाया तुम्वाहाङ्फेलाई कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइएको छ । उपसभामुख पदबाट राजिनामा दिएको एक महिनामैं तुम्वाहाङ्फेले कानुन मन्त्रालयको शपथ लिएकी हुन् । सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीबाट उनले कानुन मन्त्रीको शपथ लिँदै पदभार सम्हालेकी छिन् । तत्कालिन सभामुख कृष्णबहादुर महरा यौनकाण्डमा मुछिएपछि राजिनामा दिएका थिए । त्यसपछि रिक्त पदमा आफू निकटलाई सभामुख बनाउन सत्तारुढ नेकपाका दुई अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'बीच रस्साकस्सी चलिरहेको थियो ।

त्यहि बीचमा तुम्बाहाङ्फेले सभामुख पदको पहिलो हकदार आफू नै रहेको भनी दाबी पेश गरेपछि सभामुख चयन प्रक्रिया थप पेचिलो बनेको थियो । त्यतिमात्र होइन उनले आफू सभामुख किन हुन नपाउने भन्दै उपसभामुख पदबाट राजिनामा नदिने अड्डी कसेपछि विवाद चर्किएको थियो । उनले महराले गरेको गल्तीको सजाय आफूले पाउन नहुने तर्क गरेकी थिइन् भने त्यसमा नागरिक समाज तथा महिला अधिकारकर्मीहरुले समेत साथ दिएका थिए । तुम्बाहाङफेले अडान लिइराख्दा पार्टी नेताहरुले उनलाई मन्त्री बनाउने आश्वासनसहित उपसभामुखबाट राजिनामा दिन आग्रह गरेका थिए । तर उनले आफू सभामुख पदकै लागि योग्य रहेको भन्दै मन्त्री सम्बन्धी प्रस्ताव अस्वीकार गरेकी थिइन् । राजिनामा दिने क्रममा उनले सभामुख पदका लागि आफू योग्य हुँदाहुँदै पनि पितृसत्ताको कारण सो पदमा पुग्न नदिइएको दुखेसो व्यक्त गरेकी थिइन् ।

नेकपाका दुई अध्यक्षबीच सहमतिका आधारमा सभामुख पूर्वमाओवादीकै भागमा परेपछि प्रचण्डनिकट अग्निप्रसाद सापकोटा निर्विरोध निर्वाचित भएका थिए । राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री ओलीसँग लामो समयदेखि निकट

बाँकी पृष्ठ २ मा

## काठमाडौं– तराई मधेश फस्टट्र्याक

# निर्माण सामग्रीको गुणस्तरमाथि प्रश्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

काठमाडौं-तराई-मधेश द्रुतमार्ग (फास्टट्र्याक) को निर्माण सामग्रीमा प्रश्न उठेपछि नेपाली सेनाले गुणस्तर परिक्षण गर्न थालेको छ । फास्टट्र्याक निर्माणमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षणका लागि पाँच ठाउँमा ल्याव स्थापना गरिएको सेनाले जनाएको छ ।



सेनाका अनुसार मखुवेशी, महादेवटार लेनडाँडाँ लगायत ५ स्थानमा ल्याव स्थापना गरी आयोजनाको निर्माण सामग्रको गुणस्तर परीक्षण भइरहेको छ । सोमबार विकास तथा प्रविधि समितिमा सेनाले दिएको जानकारी अनुसार द्रुतमार्गको कटिङ तर्फ ८७ दशमलव ७१ प्रतिशत काम सकिएको छ । त्यसैगरी फिलिङतर्फ २३ दशमलव ५३ प्रतिशत, रिङ फोर्स तर्फ १२ दशमलव २३, ग्याविङ वालतर्फ २६ दशमलव ३३ प्रतिशत, पाइप कल्भर्ट तर्फ ३८ दशमलव १४ र बक्स कल्भर्टतर्फ ३१ दशमलव ४२ प्रतिशत काम सम्पन्न भएको आयोजना प्रमुख सहायकरथी शरदलाल श्रेष्ठले बताए ।

आयोजना निर्माणका क्रममा अहिलेसम्म १७ हजार ९४९ वटा रुखहरु कटान गरीएको छ । चालु आर्थिक वर्षमा ७६० रुख कटान गर्ने लक्ष्य लिइएकोमा अहिलेसम्म ६७७ वटा रुखहरु कटान गरिएको उनले बताए । तीन चरणमा गरी वृक्षारोपणको काम पनि सुरु गरिएको छ । एक रुख काटेवापत २५ वटा बोट वृक्षारोपण गर्नुपर्ने प्रावधान अनुसार पहिलो चरणमा ५ हजार बोट रोपिएका छन् । दोस्रो चरणमा १ लाख १० हजार र तेसो चरणमा २ लाख १६ हजार रुखहरु रोपिने छन् । रक्षा मन्त्रालयका सचिव रेश्मी राज पाण्डेले अहिले ५४ किलोमिटर सडकखण्डमा काम भइरहेको जानकारी दिए । यो आर्थिक वर्षमा १५ अर्ब बजेट विनियोजन गरिएको र त्यसमध्ये ७ अर्ब बन्दा केही बढी रकम मात्रै खर्च गर्न सकिने अवस्था रहेको बताए । समितिका सांसदहरुले आयोजना तोकिएको समयमा पुरा हुन्छ हुँदैन भन्नेमा आशंका व्यक्त गरेका छन् । विभिन्न ठाउँमा देखिएका विवादका कारण आयोजनामा ढिलाई हुन सक्नेतर्फ सांसदहरुले सचेत गराएका थिए ।

# न्यारो बडीमा पनि भ्रष्टाचार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

नेपाल वायुसेवा निगमले खरिद गरेको दुईवटा वाइड बडी विमानमा भ्रष्टाचार भएको विषयमा छानविन भइरहेको छ । संसदीय समितिले छानविन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई कारवाहीका लागि सिफारिस गरेको छ । सरकारले पनि स्वतन्त्र छानविन गर्न समिति पनि बनाएको थियो । बाइड बडीको छानविन भइरहँदा न्यारो बडीमा पनि भ्रष्टाचार भएको तथ्य बाहिर आएको छ । निगमले २०७१ सालमा भित्र्याएको दुईवटा न्यारो बडी जहाज खरिद गर्दा करिब ६० करोड रुपैयाँ नोक्सान भएको प्रतिवेदन सार्वजनिक भएको हो । एक फ्रान्सेली संस्थाले गरेको अध्ययनबाट न्यरो बडी खरिदमा भ्रष्टाचार भएको तथ्य सार्वजनिक भएको थियो ।

एयरवसको ए३२०-२०० सिरिजको एक सय ५८ क्षमताका दुईवटा जहाज खरिदमा उक्त नोक्सना भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले 'नेपाल वायुसेवा निगमको जहाज खरिद सम्बन्धी अध्ययन प्रतिवेदन २०७६' को न्यारोबडी जहाज खरिद सम्बन्धमा सार्वजनि गरेको एक प्रतिवेदनअनुसार निगमले ५९ लाख ५० हजार डलर बढी रकम खर्चिएर दुईवटा ए३२०-२०० जहाज खरिद गरेको उल्लेख छ । २०७५ मा संसद सदस्य दिव्यमणि राजभण्डारी संयोजकत्वको एक उपसमितिले तयार पारेको प्रतिवेदनलाई संसदीय समितिले थप अध्ययन र अुनसन्धानसहित परिमार्जन गरेर प्रतिवदेन सार्वजनिक गरेको अन्तराष्ट्रिय सम्बन्ध समितिका सचिव सुरजकुमार दूराले जानकारी दिए । उनका अनुसार उपसमितिले फेला पारेको तथ्यलाई नै संददीय समितिले सार्वजनिक गरेको हो ।



यो प्रतिवदेन अनुसार निगमले सन् २००९ मा एयरवससँग जहाज खरिदका लागि गरेको समझदारी अनुसार नै न्यारोबडी खरिद गर्ने प्रस्ताव ८ साउन २०६८ मा मन्त्रिपरिषद् समक्ष पेश भएको थियो । तर, निगमले २८ माघ २०६९ मा अर्को प्रस्ताव पेश गरेर जहाजको मूल्य पाँच लाख ९५ हजार डलर बढाएको उल्लेख छ । विसं २०६८ को डलरको मूल्य अनुसार यी दुई न्यरोबडी किन्दा ६० करोड नौ लाख ५० हजार रुपैयाँ बढी तिरिएको देखिएको हो । जहाज किन्दा बढाएको यो रकम वायुसेवा निगमले हतार हतार जसरी पनि जहाज खरिद गर्नुपर्ने अवस्था देखाएर गरेको

बाँकी पृष्ठ २ मा

## अपलोड हुन नसकेका डिमाण्डलाई विभागको पूर्वस्वीकृति

# वैदेशिक रोजगार व्यवसायीलाई राहत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

वैदेशिक रोजगार विभागले विदेशस्थित नेपाली नियोगबाट प्रमाणीकरण भएका तर विभागको एटेस्टेसन मोड्युलमा अपलोड हुन नसकेका डिमाण्डलाई पूर्वस्वीकृति दिने भएको छ । गत जनवरी ३१ तारेख (माघ १७ गते) सम्म नियोगबाट प्रमाणीकरण भएर मोड्युलमा अपलोड हुन नसकेका डिमान्डलाई विभागले पूर्वस्वीकृति प्रदान गर्न लागेको हो ।

वैदेशिक रोजगार व्यवसायी संघले विदेशस्थित केही नियोगहरुले सूचना व्यवस्थापन प्रणाली (फेम्स) मा प्रमाणीकरण गरेका मागपत्र अपलोड नभएका कारण समस्या परेको भन्दै व्यवस्थापन गरिदिन सरकारसँग आग्रह गरेको थियो । यही आग्रह बोकेर व्यवसायीहरूले विभागका तत्कालीन महानिर्देशक डा. भीष्मकुमार भुसाल र हालका महानिर्देशक कुमार दाहालको ध्यानकर्षण गराएका थिए । लगत्तै विभागले व्यवसायीको चासो सम्बोधन गरेको हो ।

विभागले मातहत कार्यालय ताहचलालाई जनवरी ३१ तारेखसम्म प्रमाणीकरण भएका डिमाण्डमा पूर्वस्वीकृति दिन पत्राचार गरेको संघका कार्यवाहक महासचिव मेघनाथ भुर्तेलले मध्यान्हलाई जानकारी दिए ।

विभागले गत जनवरी १ तारेखदेखि वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृतिलाई सूचना व्यवस्थापन प्रणाली (एफईआईएमएस) मार्फत दिने व्यवस्था गरे पनि खाडीस्थित नेपाली दूतावासहरूले उक्त प्रणालीमा मागपत्र अपलोड गर्ने तत्परता देखाएका थिएनन् । कतारस्थित नेपाली दूतावासले प्रणाली लागू भएको ४५ दिनपछि मात्रै गत फागुन १ गते स्क्यानर मेसिन खरिद गरेको थियो । अहिले दूतावासले मागपत्र प्रणालीमा अपलोड थालेको छ ।

संघका कार्यवाहक महासचिव भुर्तेलका अनुसार, प्रणालीमा डिमाण्ड अपलोड नभएका कारण व्यवसायीहरुका १८४ वटा फाइल पेश हुन सकेका छैनन् ।

विदेशस्थित नियोगहरूले सेवा नदिएपछि डिजिटल हस्ताक्षरको डिभाइस खरीद गरी प्रयोग गर्न बाध्य भएका वैदेशिक रोजगार व्यवसायीहरुलाई दूतावासबाट प्राप्त डिमाण्डसम्बन्धी कागजपत्र आफैंले डिजिटल हस्ताक्षरमार्फत प्रमाणीकरण गरी विभागको सूचना व्यवस्थापन प्रणालीमा अपलोड गर्न थालेका छन् । हाल खाडी र मलेसियास्थित नेपाली नियोगमा रहेको समस्या समाधान हुने क्रममा रहेको भए पनि युरोपलगायतका देशमा रहेको समस्या भने यथावत् रहेको गुनासो व्यवसायीहरुले गरेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## संघ कार्यसमितिले पायो पूर्णता





**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नयाँ कार्य समितिले पूर्णता पाएको छ । संघका अध्यक्ष विष्णुप्रसाद गैरेले संघको रिक्त कार्य समितिमा थप दुई व्यवसायीलाई मनोनयन गरेपछि यसले पूर्णता पाएको हो ।

संघका अध्यक्ष गैरेले दुई सदस्य थपेर संघको नयाँ नेतृत्वलाई पूर्णता दिइएको जानकारी दिए । योसँगै संघले २१ सदस्यीय कार्य समिति पाएको छ ।

संघले मोहन ढुंगेल र राधा खड्कालाई कार्यसमिति सदस्यको जिम्मेवारी दिएको हो । ढुंगेल राजधानीको तीनकुनेस्थित

बाँकी पृष्ठ २ मा




# क्वारेनटाइनमा रमाउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन



चीनको वुहान सहरबाट उद्धार गरिएका नेपालीहरुको मनोरञ्जनका लागि विभिन्न व्यवस्था गरिएको छ । भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्रमा उनीहरुका लागि खेल सामग्रीदेखि इन्टरनेटलगायतको व्यबस्था गरिएको छ । उनीहरुको निगरानी नेपाली सेनाको वीरेन्द्र अस्पतालमा कार्यरत कर्णेल डा. मुन थापाले दिएको जानकारी अनुसार खेल सामग्रीमा क्यारेम बोर्डलगायतको सामग्री उपलब्ध गराइएको छ । साथै उनीहरुलाई इन्टरनेटमा पनि पहुँच दिइएको छ।

डा. थापाका अनुसार चीनबाट ल्याएका नेपालीहरुलाई करिब १७ दिन खरिपाटीको क्वारेन्टाइनमा राख्नु पर्नेछ। त्यस अवधिमा उनीहरु तनावमा आउन सक्ने सम्भावना पनि छ। उनीहरुलाई मानसिक समस्या नआओस् भनेर मनोचिकित्सक पनि सक्रिय छन् । 'उहाँहरुमा मानसिक समस्या नआओस् भनेर उहाँहरुको मनोरञ्जनको प्रबन्ध गरिएको छ। खेलकुदका सामग्रीदेखि इन्टरनेटको व्यवस्था पनि गरिएको छ,' डा.थापाले भनिन्, 'सबैजना स्वस्थ भएको हुनाले मानसिक तनाव नआउला भन्ने हामीलाई लागेको छ । अब लामो समयसम्म यतिकै बस्नुपर्ने हुनाले कुनै स्वास्थ्य समस्या, मानसिक समस्या आउन सक्छ भनेर साइको सोसल सपोर्टको टिम पनि खटाइएको छ । हामीले भनेको टाइममा उहाँहरु आउनुहुन्छ ।'

आइतबारदेखि सोमबार साँझसम्म कुनै पनि विद्यार्थीमा समस्या नआएको जानकारी दिँदै डा.थापाले भनिन्, 'उहाँहरु कसैले पनि कुनै समस्या व्यक्त गर्नु भएको छैन । उहाँहरु मानसिक रुपमा तयार भएर आउनु भएको रहेछ । एउटै युनिभर्सिटीको साथीहरुलाई एकै ठाउँमा राख्ने व्यवस्था गरेका छौं । परिवारका सदस्यहरु भएको टिमलाई पनि एउटै ब्लकमा राख्ने व्यव्स्था गरेका छौं । त्यसकारण उनीहरुले एक्लोपन वा मानसिक समस्या झेल्नुपर्ने देखिँदैन ।'

वुहानबाट उद्धार गर्नुअघि सरकारले क्वारेन्टाइनमा बस्दा पालना गर्नुपर्ने शर्तहरुको सम्झौता गरेको थियो। सम्झौतापत्रमा उनीहरु नेपाल सरकारले व्यवस्था गर्ने क्वारेन्टाइनमा बस्न मञ्जुर रहेको उल्लेख छ। क्वारेन्टाइनबाट भागेको खण्डमा कानुनबमोजिम कारबाही भोग्न तयार रहेको प्रतिबद्धता पत्रमा उल्लेख छ। नेपाल फर्किएका सबैसँग भएको सम्झौतामा औंठाछापदेखि सम्पूर्ण विवरण खुलाइएको छ ।

पूर्व तयारी आवश्यक रहेको जानकारी दिँदै थापाले भनिन्, 'यस्तो समस्या आइसकेपछि हतारिएर काम गर्नुभन्दा पहिले नै तयारी गर्नुपर्छ । हामीले पनि तयारीमा ध्यान दिनु पर्छ ।' संसारमा नौला-नौला रोगहरु देखा पर्न थालेको र यस्तो परिस्थिति आइराख्ने तर्फ सचेत गराउँदै उनले थपिन्, 'हामी पूर्व तयारीमा केही कमजोर छौं। अब तत्कालै स्थायी क्वारेन्टाइनको स्थापना गरिनु पर्छ। आइसोलेसन डिपार्टमेन्टको पनि राम्रो व्यवस्था हुनुपर्छ ।' सरकारको तर्फबाट पूर्व तयारीका कामहरु भएको तर अझ बलियो तयारी हुनुपर्ने उनले बताइन् । नेपालमा कोरोनाकै विशेषज्ञ डाक्टर छैनन् । त्यसैले विभिन्न क्षेत्रका विशेषज्ञ डाक्टर हरुलाई नेपाली सेनाले खटाएको छ। यस्तो अवस्थामा अन्तर्राष्ट्रिय डाक्टर अथवा स्वास्थ्य निकायसँग समन्वय भइरहेको छ कि भन्ने प्रश्नमा डा. थापाले भनिन्, 'अहिलेसम्म यससँग सम्बन्धित विशेषज्ञ भेटिएको छैन । हामीले जेजति गरिरहेका छौं, विश्व स्वास्थ्य संगठनको गाइडलाइन अनुसार नै गरिरहेका छौं । सेन्ट्रल अफ डिजिज कन्ट्रोललाई पनि आधार मानेका छौं ।'

# मिडिया काउन्सिल विधेयक सुधार गरिनु सकारात्मक : कमल थापा



**कास्की/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले मिडिया काउन्सिल र सूचना प्रविधि विधेयकलाई सुधार गरेर संसद्मा प्रस्तुत गर्नु सकारात्मक रहेको बताएका छन् । मिडिया नेपालको केन्द्रीय समिति बैठक तथा प्रदेश समिति घोषणा कार्यक्रमलाई सोमबार पोखरामा सम्बोधन गर्दै उनले भने, 'सरकारले सदनमा प्रस्तुत गरेका दुवै विधेयकले स्वतन्त्र पत्रकारितालाई नियन्त्रण गर्न खोजिएको छ, यस्तो कार्य प्रजातन्त्र र संवैधानिक मूल्यमान्यताका विपरीत रहेकाले त्यसमा सुधार गर्ने प्रयास सराहनीय छ ।'

नेपालको सञ्चारजगत्ले प्रजातन्त्रको स्थापना र मुलुकको समुन्नति तथा आर्थिक विकासमा सशक्त आवाज उठाएको स्मरण गर्दै अध्यक्ष थापाले लोकतन्त्रलाई सुदृढ तुल्याउनसमेत सञ्चार क्षेत्रको भूमिकालाई स्वतन्त्र र स्वाभिमानी ढङ्गले अघि बढ्ने वातावरण बन्नुपर्नेमा जोड दिए । नेपालको सञ्चारजगत्ले हाल व्यापारिक, राजनीतिक र बाह्य दबाब तथा प्रभाव गरी मुख्य तीन प्रकारको चुनौतीको सामना गरिरहेको उनले उल्लेख गरे ।

राप्रपाले विगतको गल्ती र कमजोरीलाई सच्याउँदै आगामी दिनमा देशको प्रमुख शक्तिका रुपमा स्थापित हुने गरी पार्टीका गतिविधि अघि बढेको र २०७७ साल जेठ २५ गतेदेखि नियमित समयभन्दा अगावै पार्टीको महाधिवेशन आयोजना गरिने उनले जानकारी दिए । पार्टीका वरिष्ठ नेता दीपक बोहोरा र बुद्धिमान तामाङले सञ्चार क्षेत्रमा रहेका विकृति हटाएर प्रजातन्त्रको असली पहरेदारका रुपमा मिडिया नेपाल स्थापित हुन सफल हुनेमा विश्वास व्यक्त गरे ।

यसैबीच मिडिया नेपालको गण्डकी प्रदेश समितिको अध्यक्षमा सूर्य बास्तोला चयन भएका छन् । केन्द्रीय समिति बैठकले बास्तोलाको अध्यक्षतामा सात सदस्यीय प्रदेश कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा श्याम खवास, कृष्ण केसी, सचिव विष्णु पौडेल, सहसचिव दयाराम गहतराज र कोषाध्यक्ष बद्री गौतम सदस्यमा गुरु दाहाल छन् ।

बैठकले प्रदेश नं ५ को उपाध्यक्षमा श्रीधर सुवेदी, कर्णाली प्रदेश उपाध्यक्षमा अंगत देवकोटा, सचिवमा कृष्ण खनाल, कोषाध्यक्ष राधिका जोशी र काठमाडौं उपत्यका संयोजकमा दीपेशराज थारू तथा केन्द्रीय सदस्यरुमा रञ्जीत प्रसाईं, विजय राउत र सविता पोखरेललाई मनोनीत गरिएको केन्द्रीय अध्यक्ष गोपाल पौड्यालले जानकारी दिए ।

# 'विश्वविद्यालयको संरक्षकमा फाउन्डेशनका व्यक्ति राख्न हुँदैन'



**काठमाडौं/मस-** मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको संरक्षण समितिमा मदन भण्डारी फाउन्डेशन प्रतिनिधित्व राख्न नहुने सुझाव दिइएको छ। प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा सोमबार विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलमाथि संशोधन दर्ता गराएका समितिका सदस्यहरुले मदन भण्डारीजस्तो व्यक्तिको नाममा स्थापित विश्वविद्यालयमा फाउन्डेशनका व्यक्ति राख्न नहुने सुझाव दिएका छन् ।

समितिका सदस्य कृष्ण राईले विश्वविद्यालयको संरक्षक समितिमा फाउन्डेशनको व्यक्ति राख्न जरुरी नभएको बताए । 'म स्वयम् फाउन्डेशनको केन्द्रीय सदस्य हुँ,' उनले भने, 'फाउन्डेशनको व्यक्ति नराखी प्राज्ञिक व्यक्ति राख्नुपर्दछ ।' विधेयकको दफा ७ को(ट)मा मदन भण्डारी फाउन्डेशनको अध्यक्ष र निजले तोकेको व्यक्तिसमेत दुईजना वा सो फाउन्डेशनको अध्यक्षले तोकेको व्यक्ति दुईजना संरक्षक समितिमा रहने व्यवस्था रहेको छ।

समिति सदस्य विरोध खतिवडाले सरकारको विश्वविद्यालय रहेकाले फाउन्डेशनको व्यक्ति राख्न नहुने बताए । उनले विश्वविद्यालय बन्ने ठाउँका जनप्रतिनिधिलाई संरक्षण समितिमा राख्नुपर्ने सुझाव दिए । समिति सदस्य गगन थापाले व्यक्तिका नाममा स्थापना हुने विश्वविद्यालयमा फाउन्डेशनका व्यक्ति राख्दै जाने हो भने पछि अन्य व्यक्तिका नाममा स्थापना भएका विश्वविद्यालय पनि फाउन्डेशनका व्यक्तिलाई राख्दै जानुपर्ने भएकाले अहिलेदेखि नै फाउन्डेशनका व्यक्ति राख्न नहुने बताए ।

समिति सदस्य विन्दा पाण्डेले संरक्षक समितिमा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्ने माग राखिन् । विश्वविद्यालयको सर्वोच्च निकायका रुपमा रहेको संरक्षक समितिमा १७ जना रहने व्यवस्था विधेयकमा रहेको छ। समिति सदस्य तेजुलाल चौधरीले संरक्षक समितिमा समानुपातिक र समावेशी प्रतिनिधित्व गराउनुपर्ने सुझाव दिए। समितिमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले विधेयकमा उठेका संशोधनलाई समेट्ने बताए । उनले दफावार छलफल सकिएपछि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँगको समन्वयमा विधेयकलाई अन्तिम टुंगोमा पुऱ्याउने बताए ।

उनले विश्वविद्यालय विज्ञान र प्रविधि विषयमा केन्द्रित भएकाले आवश्यकताअनुसार अन्य विषय पनि पढाइने जानकारी गराए । समितिका सभापति जयपुरी घर्तीले मन्त्रालयले पुनः लेखन गरेर थप छलफल गरिने बताइन्। विधेयकमा २२ सांसदले ७७ बुँदामा संशोधन दर्ता गराएका छन् ।

# सांसद् उपाध्यायको निधनले अपूरणीय क्षति : सभापति देउवा



**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले राष्ट्रियसभाका सांसद एवं पार्टीका महाधिवेशन प्रतिनिधि दुर्गाप्रसाद उपाध्यायको निधनले राष्ट्र र पार्टीलाई अपूरणीय क्षति पुगेको बताएका छन् ।

कांग्रेस संसदीय दलले सोमबार काठमाडौंमा आयोजना गरेको श्रद्धाञ्जलिसभामा उनले स्व उपाध्याय गाउँमै जनतासँग काम गर्न रुचाउने नेता भएको स्मरण गर्दै उनको निधनबाट पार्टीलाई अपूरणीय क्षति पुगेको बताए । राष्ट्रवादी र प्रजातन्त्रवादी छविका नेता उपाध्यायले नेपालका लोकतान्त्रिक आन्दोलन र पार्टीको संगठनमा सक्रिय योगदान पुऱ्याएको सभापति देउवाले उल्लेख गरे ।

श्रद्धाञ्जलिसभामा कांग्रेस महामन्त्री डा शशांक कोइरालाले उपाध्यायको निधनले मर्माहित तुल्याएको बताउँदै राजनीतिक र सामाजिक क्षेत्रमा गरेको योगदानका कारण उनको सधैं चर्चा हुने उल्लेख गरे । पार्टीका कोषाध्यक्ष सीतादेवी यादवले अल्पायुमै निधन भएका उपाध्यायले आफ्नो जीवनकालमा गर्नुभएको राजनीतिक र सामाजिक योगदान अविस्मरणीय रहेको बताइन् ।

राष्ट्रियसभाका प्रमुख प्रतिपक्षी दलका नेता सुरेन्द्रराज पाण्डेले स्व उपाध्याय केन्द्रमा भन्दा जिल्लामै जनताका विकास निर्माणका काममा व्यस्त रहँदै आएको उल्लेख गर्दै तराई क्षेत्रमा ठूलो प्रभाव भएका नेता कांग्रेसले गुमाउँदा पार्टीलाई अपुरणीय क्षति पुगेको बताए ।

कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खाणले प्रजातान्त्रिक आन्दोलन र पार्टी संगठनमा ठूलो योगदान गरेका होनाहार नेता पार्टीले गुमाएको उल्लेख गर्दै उपाध्यायले प्रतिकूल अवस्थामा पनि जिल्ला मै बसेर पार्टी संगठनका लागि गरेको योगदान स्मरण गरे । सार्वजनिक लेखा समितिका सभापति एवं कांग्रेस नेता भरत शाहले मधेशको खम्बा, जुझारु पार्टीका नेता गुमाउनुपर्दा मर्माहत भएको बताए ।

क्यान्सर रोगबाट पीडित सांसद उपाध्यायको उपचारका क्रममा गृहजिल्ला रुपन्देहीमा यही फागुन २ गते निधन भएको थियो । विसं २०२६ मा जन्मनु भएका उपाध्याय विसं २०४६ सालका जनआन्दोलनदेखि कांग्रेसमा सक्रिय रहँदै आएका थिए । विसं २०५४ को स्थानीय निर्वाचनमा रुपन्देहीको साविक मधुवनी गाविसमा उनी उपाध्यक्ष पदमा निर्वाचित भएका थिए भने उपाध्याय कांग्रेसको १२ औं र १३ औं महाधिवेशन कार्यकाल क्षेत्रीय सभापतिसमेत थिए ।

विसं २०७४ मा उनी कांग्रेसका तर्फबाट प्रदेश नं. ५ बाट राष्ट्रियसभाको सदस्यमा निर्वाचित भएका थिए । सामाजिक क्षेत्रमा समेत योगदान गरेका उनी हाल लुम्बिनी विकास कोषको कार्यकारिणी सदस्य तथा विभिन्न समाजिक संघसंस्थामा संलग्न रहँदै आएका थिए । श्रद्धाञ्जलिसभाले उपाध्यायको निधनमा शोक प्रस्ताव पारित गरेको थियो ।

# 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान उपलब्धिमूलक




**जनकपुर/मस-** प्रदेश नं २ को सरकारद्वारा महिला सशक्तीकरण तथा सामाजिक सुधार गर्ने गर्ने उद्देश्यले सञ्चालित 'बेटी पढ़ाऊ, बेटी बचाउ अभियान' उपलब्धिमूलक रहेको बताइएको छ ।

प्रदेश सरकारद्वारा सार्वजनिक गरिएको दुई वर्षको उपलब्धि विवरणमा सो कुरा उल्लेख गरिएको छ । मुख्यमन्त्री लालबाबु राउतका अनुसार अभियानले महिलाप्रति हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याएको छ । सो अभियानअन्तर्गत हालसम्म माध्यमिक र उच्च माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत १४ हजार छात्रालाई साइकल वितरण र करिब १५ हजारलाई वितरण गर्न प्रक्रिया अगाडि बढाइएको बताइएको छ ।

साइकल वितरण कार्यक्रमअन्तर्गत सप्तरी जिल्लाका २९ विद्यालयका एक हजार ५३५ , सिरहा जिल्लाका २५ विद्यालयका एक हजार ६१६ , धनुषा जिल्लाका ३२ विद्यालयका एक हजार ७८५ र महोत्तरी जिल्लाका ३१ विद्यालयका एक हजार ८७० छात्रालाई साइकल वितरण गरिएको छ ।

त्यस्तै सर्लाही जिल्लाका ४२ विद्यालयका दुई हजार ४५७, रौतहट जिल्लाका २८ विद्यालयका एक हजार ४०८, बारा जिल्लाका २६ विद्यालयका एक हजार ६७५ र पर्सा जिल्लाका २७ विद्यालयका एक हजार ६५४ छात्रालाई साइकल वितरण गरिएको छ ।

मुख्यमन्त्री तथा 'छोरी जन्मनुलाई सराप होइन वरदान'का रूपमा लिनुपर्छ भन्ने भावना वृद्धि गरी जीवन सुरक्षित गर्ने उद्देश्यले सरकारले छोरी बीमाको रकमलाई वृद्धि गरी तीनलाख पुऱ्याएको छ । सो अभियानप्रति विभिन्न पालिका उत्साहित भई सरकारद्वारा दिइएको रकममा थप गरी छ लाख पुऱ्याउने लहर आएको जनाइएको छ ।

प्रदेश सरकारले गत वर्षको माघ १ गतेपछि जन्मिएका छोरीका लागि छोरी शिक्षा बीमा मुद्दति बचत कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा चार हजार ३७३ बीमित बालिकाको खातामा रकम जम्मा भइसकेको छ ।

मन्त्रिपरिषद्को कार्यालय अनुसार सप्तरी जिल्लाका ६४७, सिरहा जिल्लाका ३६२, धनुषा जिल्लाका ७८१, महोत्तरी जिल्लाका ७२६, सर्लाही जिल्लाका ३०५, रौतहट ७६०, बारा जिल्लाका ४४१ र पर्सा जिल्लाका ३५१ बीमित बालिकाको खातामा रकम जम्मा भइसकको छ ।

सोही कार्यक्रमअन्तर्गत २०७६ साउनदेखि कात्तिकसम्म दर्ता भएका तीन हजार बालिकाको खातामा रकम पठाउने अन्तिम तयारीमा रहेको छ । त्यस्तै सो कार्यक्रम सन्दर्भमा चालु आवको माघ २ देखि माघ २९ गतेसम्म सञ्चालित शिविरमा २० हजार २५ छोरीको बीमाका लागि निवेदन दर्ता भइसकेको जनाइएको छ ।

# पैदल यात्रुमैत्री छैनन् सडकपेटी

**नेपालगञ्ज/रासस-** नेपालगञ्जका अधिकांश सडकपेटी पैदल यात्रुमैत्री छैनन् । जोखिम मोलेर यात्रुले मुख्य सडकबाटै हिड्नुपर्ने बाध्यता छ । निर्माण भएका सडकपेटीमा व्यवसायीले सामान राखेर हिँड्नै नमिल्ने बनाउने गरेका छन् । नेपालगञ्ज उपमहानगरपालिकाको प्रभावकारी ध्यान जान सकेको छैन ।

नेपालगञ्जको मुख्य बजारका रूपमा रहेको त्रिभुवन चोक, सदरलाइन, बागेश्वरी मन्दिर क्षेत्र नयाँ सडक र सुर्खेतरोडमै यस्तो समस्या बढी देखिएको छ । सदरलाइन, त्रिभुवन चोक, बागेश्वरी मन्दिर आसपासको सडकपेटी ज्यादै साघुँरो छ । दुई पैदलयात्रु क्रस हुन मुस्किल पर्ने गरेको छ। त्यसैमाथि स्थानीय व्यवसायीले सडकपेटीमै पसल राख्ने गरेपछि झनै समस्या बढेको छ ।

विपरीत दिशाबाट आउँदै गरेकालाई पालो दिएरमात्रै आफू अघि बढ्ने संरचना छन् । बाटो काट्न र गन्तव्य पुग्ने संरचना मापदण्डअनुसार नहुँदा सवारी चालकले पनि दिनहुँ समस्या झेल्नुपर्ने बाध्यता रहेको सवारी चालक ईश्वरी शर्मा बताउँछन् । सडक मापदण्ड, २०७० अनुसार १५ मिनेटमा सडकपेटीमा पाँचसय पैदल यात्रु हिँड्ने भएमा एक दशमलब पाँच मिटरको चौडाइ भएको फुटपाथको व्यवस्था गरिनुपर्ने प्रावधान छ ।

एक हजार पाँच सयसम्म पैदल यात्रु हिँड्ने भएमा दुई मिटर र २५ सयसम्म यात्रु हिँड्ने भएमा साढे दुई मिटरको हुनुपर्छ । पैतीस सयसम्म यात्रुको ओहोरदोहोर हुने सडकपेटीको चौडाइ तीन मिटरको हुनुपर्छ । तर, नेपालगञ्जमा यस्तो मापदण्डअनुसार सडकपेटी बनेका छैनन् । बनाउनेतर्फ पनि कसैले चासो देखाएका छैनन्। सदरलाइन, पासाङ ल्हामुमार्ग, फुलटेक्रा जाने सडकमा त प्रभावकारी सडकपेटी नै छैन ।

भएका पनि अतिक्रमणमा परेर पैदल यात्रुले हिँड्न त के हेर्नसमेत नसकिने अवस्थामा छन् । अधिकांश पेटी साँघुरा भएकाले एक जनासमेत हिँड्न मिल्दैन । पछिल्लो समयममा स्तरोन्नति गरिएको सुर्खेतरोडमा समेत व्यवसायीले अतिक्रमण बढाएका छन् । 'मापदण्डअनुसार सडकपेटी नभएको सत्य हो,' उपमहानगरपालिकाका सूचना अधिकारी शरद पौडेल भन्छन्, 'सडक विस्तार गर्दा सवारी गुड्ने संरचनालाई प्राथमिकतामा दिँदा समस्या बढ्न थालेको हो ।'

उनका अनुसार बढ्दो जनघनत्वले नेपालगञ्जमा यस्तो समस्या आएको हो । सडकपेटीमा यात्रुले पहिलो प्राथमिकता पाउनुपर्ने भए पनि विद्युत् र टेलिफोनका पोलसँगै बोट विरूवा रोप्दा समस्या बढ्ने गरेको छ । सडकपेटी ओगटेर मोटरसाइकल र सवारी पार्किङ गर्ने र सार्वजनिक सेवा प्रदायक निकायले सवारी पार्किङको सुविधा उपलब्ध नगराउँदा समस्या बढिरहेको छ । बेमौसमी रूपमा उपमहानगरपालिकाले सडकपेटी खाली गर्न लगाए पनि दीर्घकालीन समस्या समाधान भने हुन सकेको देखिँदैन ।

## तुम्वाहाङ्फे...

रहेर पार्टी राजनीति गर्दै आएकी तुम्बाहाङ्फेले मन्त्रीसरहको उपसभामुख पदबाट राजिनामा दिएको ठीक एक महिनापछि महत्वपूर्ण मन्त्रालयको रुपमा लिइने कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नेतृत्व सम्हाल्ने जिम्मेवारी पाएकी छिन् । संसदको सभा सञ्चालन लगायत विषयलाई व्यवस्थित गर्नका लागि संसदको कार्यव्यवस्था परामर्श समितिमा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री पदेन सदस्य हुन्छ । तत्कालीन नेकपा एमालेको नवौं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित भएकी उनले केन्द्रीय सदस्यबाट राजिनामा दिएकी थिइन् । उपसभामुखबाट राजिनामा दिएलगतै उनलाई पुनः पार्टीको केन्द्रीय सदस्यम मनोनित गरिएको छ ।

## महरालाई....

एमसीसीविरुद्ध मुर्दावादको नारा लगाएका थिए । महराको स्वागत गर्न पुगेका समर्थक तथा नेकपाका कार्यकर्ताले 'महरा सर जिन्दावाद, एमसीसी मुर्दावाद' भन्ने नारा लगाएका हुन् ।

## संघ ...

डमरु रिसोर्स प्रा.लिका सञ्चालक हुन् भने खड्का पुरानो बानेश्वर स्थित काम्ख्या ओभरसिज प्रालिकी सञ्चालिका हुन् । संघका अध्यक्षले ४ सदस्य मनोनयन गर्ने विधान छ । त्यहीअनुसार, गैरेले यसअघि कोटेश्वरस्थित सक्षम ह्युमन रिसोर्स प्रा.लिका अस्गार अली र तीनकुनेस्थित एचएमटी ओभरसिज प्रालि.सञ्चालक तुलसी पुरीलाई मनोनयन गरेका थिए ।

खड्काको मनोनयनसंगै संघ कार्य समितिमा महिला व्यवसायीको संख्या दुई पुगेको छ। गत असोजमा भएको संघको निर्वाचनमा कोषाध्यक्ष पदमा इन्दिराक गुरुङ निर्वाचित भएकी थिइन। संघको २१ सदस्यीय कार्य समितिमा ७ पदाधिकारी र १० सदस्य प्रत्यक्ष निर्वाचित गर्ने प्रावधान छ ।

## न्यारो...

समितिको प्रतिवेदनमा उल्लेख छ।

सो प्रतिवदेनले यो जहाज खरिद प्रक्रियामा संग्लग्न पक्षलाई अनुसन्धानको दायरामा ल्याउन सरकारलाई निर्देशन दिएको छ । निगमले त्यतिबेला जहाज किन्दा अन्य निजी वायुसेवाले ल्याएको सोही प्रकृतिको जहाजको मूल्यसँग तुलना गरेर निगमलाई घाटा परेको वास्तविक मूल्य पत्ता लगाउन पनि सरकारलाई निर्देशन दिएको छ । न्यारोबडी खरिद गर्दा राखेको एजेन्टलाई समेत झिकाएर सत्यतथ्यका लागि आवश्यक अनुसान्धान थाल्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ ।

# कालापानी अनुगमन नगरी फर्किए उपप्रधानमन्त्री



**काठमाडौं/मस–** भारतले मिचेको भनिएको नेपाली भूमि कालापानी क्षेत्रको अनुगमन गर्न गएको टोली सीमा क्षेत्र नै नपुगी फर्केको छ । उपप्रधान एवं रक्षा मन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली कालापानीभन्दा करिब १५ किलोमिटर वर रहेको छाम्रुङबाट फर्किएको हो ।

मौसमको खराबीका कारण वरैबाट फर्किनुपरेको टोलीका सदस्य एवं सुदूरपश्चिम प्रदेश सांसद गेल्बु बोहराले नेपाल समयलाई जानकारी दिए । नेपाली सेनाको हेलिकोप्टरबाट सीमा क्षेत्रको अनुगमन गर्ने तयारी भएको थियो, जसका लागि सोमबार बिहान टोली त्यसतर्फ गएको थियो । तर, मौसमको खराबीका कारण अनुगमन गर्ने भनिएको क्षेत्रमा हेलिकोप्टर ल्याण्ड हुन सक्ने स्थिति नभएर आफूहरु वरैबाट फर्केको बोहराले बताए ।

विशिष्ट व्यक्तिहरुले सीमा क्षेत्रको अनुगमन गर्दा दुवै देशका सुरक्षाकर्मीबीच समन्वय हुनुपर्ने मान्यता छ। तर, उक्त अनुगमनका क्रममा भारतीय पक्षसँग छलफल भए-नभएको विषयमा आफूलाई जानकारी नभएको बोहराले बताए।

सीमा अनुगमन गर्न गएको टोलीमा उपप्रधान तथा रक्षा मन्त्री पोखरेल, सुदूरपश्चिम प्रदेशकी उपसभामुख निर्मला बडाल जोशी, प्रतिनिधिसभा सदस्य गणेश ठगुन्ना, प्रदेश सांसद मानबहादुर थामी, गेल्बु बोहरा र नेपाली सेनाका अधिकारीहरु थिए ।

यसअघि आइतबार दार्चुला पुगेका मन्त्री पोरखेलले दार्चुलास्थित नेपाली सेनाको ब्यारेक पहिलोपटक निरीक्षण गरे। भ्रमणका लागि गृह मन्त्रालयले आवश्यक सुरक्षा व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय र प्रहरी प्रधान कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिएको थियो।

उपप्रधानमन्त्रीको टोलीमा १० जना सहभागी रहेको जनाइएको छ। उपप्रधानमन्त्री भएपछि पहिलो पटक दार्चुला भ्रमण गरेका पोखरेलले यसअघि २०५३ सालमा दार्चुला भ्रमण गरेका थिए । तत्कालीन अवस्थामा नेकपा एमालेको केन्द्रीय सदस्यको भूमिकामा पोखरेल २०५३ मङ्सिर १७ गते दार्चुला आएका थिए। सैनिक अधिकारीसहित व्यास क्षेत्रमा भ्रमण गर्ने भएपछि उक्त क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको थियो ।

पछिल्लो समय भारतले नेपालको भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नो नक्शामा समावेश गरेपछि त्यसको विरोध भएको थियो भने सरकारले पनि भूमि आफ्नो भएको दाबी गरेको थियो। दार्चुलादेखि कालापानीसम्म निर्माण हुने दार्चुला तिङ्कर सडक पछिल्लो समय नेपाली सेनालाई दिने गृहकार्य शुरु भएको छ। अहिले रक्षा मन्त्रालयको अधिकारीसहित भ्रमण गर्ने भएपछि यो सडक नेपाली सेनाले बनाउन सक्छ भन्ने आशा स्थानीयस्तरमा छ ।

# मदरसाका विद्यार्थीहरु उच्च शिक्षाबाट बञ्चित

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ५ फागुन



नवलपरासीमा मदरसामा अध्यनरत विद्यार्थीहरु उच्च शिक्षाबाट बञ्चित हुँदै गएका छन्। जिल्लामा अधिकांश मदरसाहरु संचालनमा रहेपनि हालसम्म ती मदरसाहरुमा आधारभुत तह कक्षा १ देखी कक्षा ५ सम्म मात्र पठन पाठन हुने गरेको हुँदा विद्यार्थीहरुले माध्यमिक शिक्षा प्राप्त गर्न सकेका छैनन् ।

परम्परागत शिक्षा सम्बन्धी व्यवस्था अनुसार पाठ्यक्रम विकास केन्द्रले कक्षा १ देखी ५ सम्मको लागी मदरसा शिक्षाको लागी पाठ्यक्रम तयार गरेको छ। तर कक्षा ६ देखी १२ सम्मको पाठ्यक्रमको प्रस्तावित संरचना मात्र तयार भएको हुँदा विद्यार्थीहरुले माध्यमिक शिक्षा प्राप्त गर्न नसकेका हुन् ।

सोही समस्याका कारण आधार भुत शिक्षा प्राप्त गरेपछि थप शिक्षाका लागी विध्यार्थीहरु भारत तर्फ जाने बाध्यात्मक परिस्थिति रहेको मदरसा मदिनतूल ओलुम गुठी परसौनीका प्राधानाध्यापक अमिर आजमले बताए ।

धार्मिक प्रकृतिका सामुदायिक विद्यालयमा माध्यमिक तहसम्मको कक्षा संचालन गर्नको लागी कम्तिमा १५ जना विद्यार्थी अनिवार्य हुनु पर्ने व्यवस्था रहेको हुँदा आगामी शैक्षिक सत्र सम्म विद्यालयमा उक्त संख्या पूरा हुने साथै मा.वि. तह सम्मको कक्षा संचालन गर्नको लागी बाटो खुल्ने प्रधानाध्यापक अजमले बताए ।

साथै माध्यमिक तहसम्मको कक्षा संचालनका लागी विद्यालयले गाउँपालिकामा अनुमति प्रतिबेदन समेत बुझाएको उनले जानकारी दिए । जिल्लामा कुल संचालित ४४ मदरसाहरुमा करिब २५६३ विद्यार्थीहरु अध्ययन गर्दै आएका छन् ।

# रामपुरमा विद्यार्थीबीच झडप



**चितवन/मस–** कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरमा सोमबार विद्यार्थीबीच झडप हुँदा एकजना घाइते भएका छन्। घाइते हुनेमा अनेरास्ववियुका केन्द्रीय सदस्य देवप्रसाद पाठक रहेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार पाठकको टाउकोमा चोट लागेको छ । उनको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ । आक्रमण गरेको अभियोगमा प्रहरीले रामपुरबाट तीनजना विद्यार्थीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नान्तिराज गुरुङका अनुसार पक्राउ पर्नेमा प्रेम घर्ती, सबित सुवेदी र अभिषेख न्यौपाने रहेका छन् । तत्कालीन अनेरास्ववियु क्रान्तिकारी र अनेरास्ववियुबीच झडप भएको हो । पाठक तत्कालीन अनेरास्ववियुका जिल्ला अध्यक्ष हुन् । पक्राउ परेकाहरु अखिल क्रान्तिकारी निकट रहेको जनाइएको छ ।

रामपुरमा झडपपछि पार्टीले बेवास्ता गरेको भन्दै विद्यार्थीले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को जिल्ला कार्यालयमा समेत तोडफोड गरेको प्रहरीले जनाएको छ । यही फागुन १ गते जनयुद्ध दिवस मनाउने विषयमा दुई सङ्गठनबीच विवाद भएपछि पटकपटक झडप हुँदै आएको छ । विश्वविद्यालयको आवासमा बस्ने ती सङ्गठनका विद्यार्थी बाहिर बसेका छन् ।

विश्वविद्यालयको पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान सङ्कायको सोमबारको स्नातक मत्स्य विज्ञानको तेस्रो र सातौं सेमेस्टरको परीक्षा गर्ने वा सार्ने भन्ने विषयमा विद्यार्थीबीच विवाद भएको थियो । विवादकै बीचमा विश्वविद्यालयले परीक्षा सञ्चालन गरेको छ । परीक्षामा ३३ विद्यार्थीमध्ये ३० जना सहभागी भएको सङ्कायका निमित्त डिन ईश्वरचन्द्र प्रकाश तिवारीले जानकारी दिए ।

# तेश्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको तयारी शुरु



**काठमाडौं/मस–** सरकारले तेश्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको तयारी शुरु गरेको छ । आगामी बैशाख १९ देखि २५ गते सम्म भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आयोजना हुन लागेको सम्मेलनका लागि विभिन्न उपसमितिहरु गठन गरी तयारीको सुरुवात गरेको हो ।

सोमबार संस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयमा बसेको '२५ सय ६४ औं बुद्ध जयन्ती तथा तेश्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन २०७७ आयोजक समिति'को बैठकले विभिन्न उपसमिति गठन गरेको हो । बैठकमा संस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्री तथा समितिका अध्यक्ष योगेश भट्टराईले अन्तर्राष्ट्रिय सम्मेलन व्यवस्थापन उप-समिति, आर्थिक व्यवस्थापन उप-समिति, वृक्षारोपण तथा सरसफाई उपसमिति, अनुष्ठान कार्यका लागि उपसमिति, प्रदेश समन्वय उपसमिति लगायतका विभिन्न १७ वटा उपसमितिहरु गठन गरिएको बताए ।

उनले बैशाख १९ देखि २५ गते सम्म सप्ताहव्यापि कार्यक्रमहरु सञ्चालन गरिने र २३ गते तेस्रो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको उद्घाटन हुने बताए । सम्मेलनमा स्थानीय नगरपालिकाहरुको नेतृत्वमा विभिन्न थेमेटिक सेसन सञ्चालन हुने र अन्तिम दिन २५ गते लुम्बिनी क्षेत्रमा विश्वशान्ति ऱ्यारी आयोजना गरिने मन्त्री भट्टराईले बताए ।

सम्मेलनमा करिब २५ देशका ३२ राज्यका प्रनिधिहरुलाई निमन्त्रणा पठाउन लागिएको मन्त्री भट्टराईले जानकारी दिए। यसबाहेक विश्वभरका बौद्धधर्मसँग सम्बन्धित संघसंस्था तथा प्रतिष्ठानहरु, बौद्ध विद्वान धर्मगुरु तथा व्यक्तिहरुले पनि सम्मेलनमा सहभागिता जनाउने छन्। त्यस्तै खर्च र व्यवस्थापनका लागि 'कार्य सम्पादन तथा आर्थिक कार्यविधि २०७६' निर्माण भइसकेको समेत उनले बताए । सम्मेलनका लागि सरकार, लुम्बिनी विकास कोष, नेपाल पर्यटन वोर्ड, भ्रमण वर्ष सचिवालय र व्यक्तिगत तथा संस्थागत तवरबाट बजेटको व्यवस्थापन हुने सेमत मन्त्री भट्टराईले बताए ।

# परराष्ट्रमन्त्री बंगलादेशमा

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली बंगलादेशका विदेशमन्त्री डा एके अब्दुल मोमेनको निमन्त्रणमा उक्त देशको तीनदिने औपचारिक भ्रमणमा ढाका पुगेका छन् । मन्त्री ज्ञवालीका साथ परराष्ट्र मन्त्रालयका सचिव शङ्करदास वैरागी र उक्त मन्त्रालयका सहसचिव यज्ञबहादुर हमाल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकाल र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव प्रवीण अर्याल छन् ।

मन्त्री ज्ञवाली नेतृत्वमा ढाकामा दुई देशबीच मंगलबार (आज) प्रतिनिधिमण्डलस्तरीय वार्ता हुनेछ । दुवै देशका परराष्ट्रमन्त्रीले आपसी सम्बन्धका साथै साझा चासोका ऊर्जा, व्यापार, पारवहन, सम्पर्क सञ्जाल, पर्यटन, क्षेत्रीय तथा बहुपक्षीय सहयोग प्रवर्द्धनमा केन्द्रित रहेर विचार आदानप्रदान गर्ने कार्यक्रम रहेको ढाका जानुअघि मन्त्री ज्ञवालीले बताए ।

'भूगोलका हिसाबले हामी धेरै नजीक छौं । आर्थिक साझेदारी जल, सडक, रेल र हवाई मार्गबाट सम्पर्क सञ्जाल विस्तार, ऊर्जा, पर्यटन, लगानी प्रवर्द्धनलगायत पारस्परिक हित र चासोका विषयमा बंगलादेशी समकक्षीसँग वार्ता हुनेछ,' उनले भने ।

दुई देशबीचको सम्बन्धलाई आर्थिक समृद्धिका लागि रुपान्तरणको प्रयास गरिने बताउँदै मन्त्री ज्ञवालीले क्षेत्रीय, अन्तर ाष्ट्रिय र बहुपक्षीय मञ्चहरुमा दुवै देशबीच साझेदारी बढाउने र अन्य साझा चासोका मामिलामा सक्रिय रुपमा सहकार्य गर्ने प्रयास आफूबाट हुने बताए ।

बंगलादेश अन्तर्राष्ट्रिय रणनीतिक अध्ययन प्रतिष्ठानले आयोजना गर्ने 'नेपाल-बंगलादेश सम्बन्ध र दक्षिण एसियाली सहयोग' विषयमा उनले प्रवचन दिनेछन् । मन्त्री ज्ञवाली नेतृत्वको प्रतिनिधिमण्डल बुधबार स्वदेश फर्कनेछ ।

त्रिभुवन विमानस्थलमा मन्त्री ज्ञवालीलाई परराष्ट्र मन्त्रालयका निमित्त सचिव भरतराज पौड्याल, शिष्टाचार महापाल गेहेन्द्र राजभण्डारी र यहाँस्थित बंगलादेशी राजदूतावासका वरिष्ठ अधिकारीले बिदाइ गरेका थिए ।

# एक महिलामाथि सामूहिक बलात्कार

**जनकपुरधाम/मस–** प्रदेश नं. २ को अस्थायी राजधानी जनकपुरधाममा एक महिलालाई सामूहिक बलात्कार भएको घटना सार्वजनिक भएको छ। आइतबार राति ४० वर्षीया महिलालाई दुई युवाले नियन्त्रणमा लिएर बलात्कार गरेको प्रहरीले जनाएको छ । घटनामा संलग्न दुवै युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा महोत्तरीको सोनामाई भोइलका नरेश महतो र नाम खुल्न नसकेका एक व्यक्ति भारत विहारको मधुवनीका छन् । दुवै युवालाई प्रहरीले मेडिकल जाँच गराएर हिरासतमा राखेको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको धनुषाका प्रहरी प्रमुख तथा एसपी रमेश बस्नेतले जानकारी दिए ।

# ५ हजार घुससहित पक्राउ

**भोजपुर/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भोजपुरको आमचोक गाउँपालिकाका असिष्टेन्ट सवइन्जिनियर बिष्णुकुमार राईलाई ५ हजार रुपैयाँ घुससहित पक्राउ गरेको छ। सबइन्जिनियर राईले हायुखोला खानेपानी योजनाको बिल फरफारक गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस माग गरिरहेको उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको टोलीले सोमबार पक्राउ गरेको हो ।

अख्तियारका अनुसार सबइन्जिनियर राईलाई सेवाग्राहीबाट पाँच हजार घुस लिइसकेको अवस्थामा आमचोक गाउँपालिका वडा नं. ७ हर्दिलाबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

# चाँदी र तामाका सामानसहित पक्राउ

**झापा/मस–** झापाको मेचीनगर नगरपालिका-६ मेची खोला छेउबाट प्रहरीले ठूलो परिणाममा चाँदी र तामाको सामानसहित दुई जनालाई सोमबार पक्राउ गरेको छ। पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-६ बौद्धका ३४ वर्षीय अजित नगरकोटी र काठमाडौं महानगरपालिका-१ का ३८ वर्षीय श्याम सुनुवार रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले उनीहरुको साथबाट ११ केजी ९०० ग्राम चाँदी र २१ केजी बराबरको तामाका सामान बरामद गरेको थियो । बरामद सामान र पक्राउ परेका दुवैलाई प्रहरीले मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाएको छ ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com




राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# महरा सफाइको सन्देश

संसद सचिवालयकी एक महिला कर्मचारीलाई बलात्कार प्रयास गरेको आरोपमा गएको असोज १९ गते पक्राउ परेका पूर्व सभामुख कृष्णबहादुर महराले सफाइ पाएका छन् । जिल्ला अदालत काठमाडौंका मुख्य न्यायाधीश अम्बरराज पौडेलको एकल इजलासले महरालाई सफाइ दिने फैसला गरेको हो । केही दिनदेखि जारी सुनुवाइको अन्तिम फैसला सुनाउँदै जिल्ला अदालत काठमाडौंले सफाइ दिएको हो । जिल्ला अदालत काठमाडौंको फैसला लगत्तै डिल्लीबजार कारागारमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकर्ताको भीड लागेको थियो ।

थुनामुक्त भएका महरालाई स्वागत गर्न पुगेका नेकपाका कार्यकर्ताहरूले राष्ट्रिय झण्डा र नेकपाको पार्टी झण्डा बोकेका थिए । फुलमाला र अविरले रंगिएका महराको पक्षमा डिल्लीबजार कारागार परिसरमा नाराबाजी नै भयो । जेलमुक्त भएको खुशियालीमा उत्सव नारा लगाउने क्रममा नेकपा कार्यकर्ताले महरालाई षडयन्त्र गरेर जेलमा हालिएको निष्कर्ष निकालेका थिए । अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) पारित नगर्न महराले अडान लिएकै कारण षडयन्त्र गरी कारागारसम्म पुऱ्याएको भन्दै 'एमसीसी मुर्दावाद'को नारा लगाइएको थियो । महरालाई षडयन्त्र गर्ने एमसीसी खारेज गर्नुपर्ने माग समेत उनीहरूले लगाएका थिए ।

नेकपाका कार्यकर्ताहरूले जस्तो नारा लगाए पनि महरा पुर्पक्षका लागि थुनामा पठाइनुको कारण भने संसद सचिवालयकी महिला कर्मचारीले लगाएको आरोप हो । ती महिलाले दिएको भिडियो अन्तर्वार्ताकै कारण बहालवाला सभामुख पदबाट महराले राजीनामा दिएका थिए भने उनको पद समेत गुमिसकेको छ । भलै, महराले सफाई पाएपछि ती महिलाले अदालतको फैसलाले आफू अत्यन्तै धेरै खुशी भएको प्रतिक्रिया दिएकी छन् । ती महिलाले महरा पक्राउ परेदेखि लगातार आफ्नो भनाइको खण्डन समेत गर्दै आएकी थिइन् । तर, न्यायालयले आफ्नो प्रक्रिया पुरा गर्दै सफाइ दिएको छ । यसमा पुनरावेदन हुन पनि सक्ला अथवा महरा निर्दोष भएकाले फैसलाले न्याय दिएको भन्ने सकिएला ।

तर, प्रमुख सन्देश भने सार्वजनिक पद धारण गरेकाहरूको आँचरण, कार्यशैली र अभिव्यक्तिबारे देखाइनुपर्ने विवेक गुम्न पुगे महराले जस्तै न्यायिक प्रक्रिया जोकोहीले पुरा गर्नुपर्नेछ, कुनै 'भीभीआईपी' हुँदैमा छुट हुन्न भन्ने नै हो । किनभने, राजतन्त्रको अन्त्यसँगै मुलुकमा संविधानको सर्वोच्च स्थापित भएको छ । स्थीर सरकार विद्यमान छ । गणतान्त्रिक संविधानको सर्वोच्चता र स्थीर सरकारकै कारण स्वयम् सत्तारूढ दलकै नेताहरूबाट त्रुटि हुन पुगे पनि उम्कन सजिलो देखिन्न । लामो राजनीतिक संघर्षबाट प्राप्त उपलब्धीकै जगमा यस्तो थिति स्थापित हुनु समाज र जनताकै लागि पनि लाभदायक हुनेछ ।

## सामाजिक सञ्जाल



जनतालाई करको भार बोकाएकै भरमा, रेमिट्यान्स भित्र्याउन युवालाई खाडीमा धकेलेकै भरमा आर्थिक क्रान्ति हुने हो र प्रवक्ता कमरेड ?

- सुनिल पौडेल



अरूको प्रगति देख्न नसक्नु पनि एउटा रोग नै हो, यो रोगको औसधि बेलैमा गर्नुहोस् । नत्र रोगले आफैंलाई सक्काउँछ ।

– वविन शर्मा



भ्रष्टाचारका अभियान्ता ज्ञानेन्द्र साही पनि रबि लामिछाने को बिरूद्ध घाँटी कसेर लागि परेका छन् रबि लामिछाने को चर्चा भएको देख्दा ज्ञानेन्द्र साहीको तातो रगत उम्लिदो रहेछ कठै बरै अब यिनीहरूले मुलुकमा भएको बेथिति हटाउछु भन्नुपनि एका देशको कथा जस्तै हो यो कथा सुन्ने पनि अन्धभक्त हुन् ।

– रमा ओली



करिब दुई दशकअघि पद्मसुन्दर लावती नामका मन्त्रीले कृषिमलमा भ्रष्टाचार गरेको आरोप लागेपछि जनताले लावतीले मल खायो भनेछन्। फिदिम बजारमा आमसभाको मञ्चबाट लावतीले जनतालाई सोधेछन्, मलाई मल खायो, लाखौंको मल खायो भन्छन् । तपाई १० रूपैयाको एक मुठ्ठी मल हातमा लिएर खाइ हेर्नु त, सक्नुहुन्छ ?

– पदम गौतम

# शेयरबजारका केही असान्दर्भिक घटना



■ ज्योति दाहाल

> नेप्सेमा सूचीकृत कम्पनीमध्ये बैंकिङ ('क' देखि 'घ' सम्म) मर्ज र एक्वायर भएका छन् । मर्ज र एक्वायरमा जाँदा कारोबार रोकिनु सान्दर्भिकै भए पनि गाभिएर कारोबार खुल्दा मूल्य समायोजन हुनलाई सान्दर्भिक मान्न सकिँदैन ।

नेपालको शेयर बजारमा देखिन थालेका अनौठा घटनाको सिलसिलाले प्रोत्साहित भन्दा निरुत्साहित बनाउन मद्दत पुगेको देखिन्छ । कम्पनी गाभिएपछि नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले पहिलो कारोबार मूल्य समायोजन गर्ने क्रम पछिल्लो पटक जनता बैंक गाभिएपछि ग्लोबल बैंकमा पनि कायम राख्यो । त्यस्तै, सूचीकृत र असूचीकृत कम्पनी गाभिन लाग्दा सूचीकृत कम्पनीको कारोबार रोक्कालाई पनि सान्दर्भिक मान्न सकिँदैन । शेयरबजारमा यी र यस्तै केही प्रसंग चर्चाको विषय बनेको छ ।

**मर्जपछिको समायोजन**

नेप्सेमा सूचीकृत कम्पनीमध्ये बैंकिङ ('क' देखि 'घ' सम्म) मर्ज र एक्वायर भएका छन् । मर्ज र एक्वायरमा जाँदा कारोबार रोकिनु सान्दर्भिकै भए पनि गाभिएर कारोबार खुल्दा मूल्य समायोजन हुनलाई सान्दर्भिक मान्न सकिँदैन । यसरी पहिलोपटक मूल्य समायोजन सम्भवतः तिनाउ विकास बैंक र मिशन डेभलपमेन्ट बैंक गाभिएर पहिलो कारोबार खुल्दा भएको थियो । तर, थोरै रकमको अंक भएको हुँदा त्यति बेला यस घटनालाई कसैले वास्ता गरेन । मर्जका लागि कारोबार रोकिँदा अन्तिम कारोबार मूल्य ३ सय ८२ रुपैयाँ कायम भएको एनएमबी बैंकले ओम डेभलपमेन्ट बैंकलाई गाभेपछि नेप्सेले ३ सय ५१ रुपैयाँमा कारोबार खोलिदियो । ग्लोबल र जनताबीच गाभिने सम्झौता हुँदा ग्लोबलको अन्तिम बजार मूल्य २ सय ९५ रुपैयाँ कायम भएको थियो । ग्लोबलले आर्थिक वर्ष २०७५/०७६ मा १२ दशमलव ७५ प्रतिशत बोनस शेयर बाँडेको थियो । बोनस शेयरको मात्र समायोजन गरेर २ सय ६१ रुपैयाँमा कारोबार खोल्नुपर्नेमा २ सय ५२ रुपैयाँ तोकियो । नेप्सेले के कुन आधारमा यी दुवैको मूल्य समायोजन गरियो त्यसको सूत्र वा स्पष्टीकरण दिएन वा दिन आवश्यक ठानेन । शेयरबजारको तालुकी अड्डा धितोपत्र बोर्डले पनि चासो लिएन ।

**सान्दर्भिकता र एक्वायर**

समायोजन भनेको मिलाउने कार्य हो । यसको अर्थ र प्रयोजन ठाउँ अवस्थाअनुसार हुने गर्छ । शेयर कारोबारको सन्दर्भमा सूचीकृत कम्पनीले हकप्रद वा बोनस शेयर जारी गरेपछि सोही अनुपातमा मूल्य पनि समायोजित हुने गर्छ । समायोजन पश्चात् मूल्यमा कमी देखिए पनि शेयरधनीको कित्ता बढ्ने हुँदा हिसाब बराबर हुन्छ । यसले शेयरधनीको सम्पत्तिमा तात्विक असर पर्दैन । तर, अहिले नेप्सेले गाभिएका कम्पनीको शेयर कारोबार खोल्दा असान्दर्भिक मूल्य समायोजन गरिरहेको छ । यस्तो समायोजन नितान्त अर्थहीन छ भनेर प्रमाणको फेहरिस्त दिँदा पनि कानमा तेल हालेर बसेको छ ।

कम्पनी गाभिएपछि समायोजनको सान्दर्भिकता देखिएको बेला नेप्सेले वास्ता गरेन वा पत्तो पाएन तर अहिले सान्दर्भिकता सकिएको बेला 'समायोजन' गरेर उल्टो पाइला चालेको छ । कम्पनी गाभिने क्रममा शेयर आदानप्रदान अनुपात (स्वाप) घटी, बराबर वा प्रिमियम पनि हुन सक्छ । गाभिने कम्पनीले बराबर र गाभ्ने कम्पनीले प्रिमियम पाउने सम्भावना प्रायः कमै हुन्छ । सामान्यतया गाभिने कम्पनीले केही प्रतिशत कम स्वाप पाउँछन् । मानौं, गाभिने कम्पनीको २ शेयर बराबर गाभ्ने कम्पनीको १ शेयर (२:१) दिने गरी मर्जको सम्झौता भएमा बचेको पूँजीबापतको रकम गाभ्ने कम्पनीका शेयरधनीले पहिले नै 'बोनस सरह' बाँडेर खाएको अवस्थामा सोही हदसम्म मूल्य समायोजन सान्दर्भिक हुन्छ ।

यस्तो अभ्यासको एउटा उदाहरणमा प्रभुमा गाभिएको ग्रान्ड बैंक हो । ग्रान्ड बैंकको १ शेयरलाई प्रभु बैंकको शून्य दशमलव ६५ (०.६५) कित्ता दिएर बाँकी रहेको शून्य दशमलव ३५ (०.३५) कित्ता बराबरको रकम प्रभु बैंकले त्यति बेला २१ प्रतिशत बोनस शेयरसरह बाँडेको थियो । तर, अहिले यसरी स्वापबापत प्राप्त हुने रकम शेयर प्रिमियम सरह पूँजीगत जगेडामा लेखांकन गरिने गरिन्छ ।

उल्लिखित प्रभु र ग्रान्ड बैंकको उदाहरणले अहिले मूल्य समायोजनको औचित्य छैन भन्ने स्पष्ट पार्छ । कम्पनी ऐन २०६३ को दफा १७७ (५) ले गाभिएको कम्पनीको अस्तित्व नै सकिने र गाभिने कम्पनीका सम्पूर्ण सम्पत्ति तथा दायित्व गाभ्ने कम्पनीमा सर्ने व्यवस्था गरेको छ । कम्पनी प्रशासन र सञ्चालनको नियमन गर्ने कम्पनी रजिस्ट्रार कार्यालयले गाभ्ने स्वीकृति दिँदा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व गाभ्ने कम्पनीमा सरेको उल्लेख गरेर गाभिने कम्पनी दर्ता खारेज गर्छ । गाभ्ने कम्पनी सर्वेसर्वा हुने हुँदा पनि मूल्य समायोजनको सान्दर्भिकता समाप्त हुन्छ ।

निकट भविष्यमा प्राइम बैंकले एक्वायर गर्ने अन्तिम तयारी गरेको कैलास विकास बैंकको एकीकृत कारोबार हुँदा के हुन्छ भन्ने चासो देखिए पनि अनौपचारिक रूपमा बुझिएअनुसार यसको मूल्य समायोजन हुने छैन । एक्वायर भने पनि मर्ज जस्तै हुने हुँदा यसको किन नहुने भन्ने एउटा प्रश्न जिउँदो बनेको छ । नेपालमा मर्ज र एक्वायरको एउटा मात्र फरक गाभ्ने कम्पनीको कारोबार रोक्का नहुनु हो । बाँकी सबै प्रक्रिया एकै छ ।

**सूचीकृत र असूचीकृतको मर्ज**

नेपालको शेयर बजारमा अनौठो घटना देखिने क्रममा पछिल्ला दिनमा सूचीकृत र असूचीकृत कम्पनीको मर्जमा देखिएको छ । सूचीकृत कम्पनीले असूचीकृत कम्पनी मर्ज गर्ने क्रममा सूचीकृत कम्पनीको कारोबार रोकिनु पनि असान्दर्भिक घटना हो ।

यस्तो घटना हेर्दा कारोबार रोक्का राख्नुको अर्थ 'कम्पनी' र 'नेप्से' दुवैले नबुझेको जस्तो देखिएको छ । माथि नै भनियो एक्वायरमा गाभिने कम्पनीको कारोबार रोक्का हुँदैन । हो, ठ्याक्कै यस्तै परिस्थिति सूचीकृत र असूचीकृत कम्पनी गाभिने क्रममा पनि हुन्छ तर, किन कारोबार रोक्का राखियो नेप्से र कम्पनीले स्पष्ट पारेका छैनन् ।

सामान्यतया सूचीकृत दुई कम्पनी गाभिँदा 'यति स्वाप दिने भयो' भन्ने जस्तो अनर्गल गतिविधिले मूल्यमा अस्वाभाविक उतारचढाव नहोस् भन्ने हेतुले लगानीकर्ता हित संरक्षणका लागि कारोबार रोक्नु परेको हो ।

तर, सूचीकरण नै नभएको कम्पनीसँग मर्ज हुँदा कसलाई के असर पर्छ र कारोबार रोक्नु ? यसरी असूचीकृत कम्पनीसँग मर्ज हुँदा सूचीकृत कम्पनीको कारोबार रोक्ने कार्यको शुरुआतकर्ता सम्भवतः वोमी लघुवित्त हो, त्यसपछि यसले निरन्तरता पाइरहेको छ र कहिलेबाट यस्तो कारोबार रोकिने क्रम सकिने हो कसैलाई पत्तो छैन । सूचीकृत कम्पनीले के कुन आधारमा आफ्नो कारोबार रोक्ने पत्राचार गरेका हुन्, शायद ती आफै पनि जानकार छन् जस्तो देखिँदैन । कम्पनीले कारोबार रोकिदेऊ भनेर पत्राचार गरेर सूचीकरण कानूनको पालना गरेको भन्लान् तर बजार सञ्चालक (नेप्से) ले यसमा विचार गर्नुपर्नेमा केही सोच्दै नसोची कारोबार रोकिरहेको छ ।

**मर्जले बनाएको बन्धक**

एकजिल्ले सहारा विकास बैंक मर्जमा जाने भन्दै कारोबार रोक्का भएको ३ वर्ष पुग्न लागिसक्दा पनि यसको मर्जको टुंगो लागेको छैन । सहयोगी विकास बैंकसँग मर्जमा जान रोकिएको कारोबार मर्ज भाँडिएपछि देव विकास बैंकसँग एक्वायरमा जान गरेको सम्झौता पनि भाँडियो । यसले जारी गरेको २ सय ५० प्रतिशत हकप्रद बिक्री गरेको २ वर्ष पुग्न लाग्दा पनि के भइरहेको छ भन्ने कसैलाई पत्तो छैन ।

यस्तै घटना वेस्टर्न डेभलपमेन्ट बैंकमा पनि भएको छ । नमस्ते फाइनान्ससँग गाभिएर १ हप्ता पनि कारोबार नहुँदै देव विकास बैंकले एक्वायर गरी एकीकृत कारोबार गरेको ६ महिना हुँदा पनि वेस्टर्नको शेयर देवको नाममा सूचीकरण नगराई आफै कुमारी बैंकसँग एक्वायरमै गएको छ । यस्तै पाराले साविकको वेस्टर्नको कारोबार खुल्न अझ ६ महीना लाग्नसक्ने स्थिति हेर्दा यसको कारोबार अझ लम्बिने देखिन्छ ।

**जिम्मेवारहरू नै बेजिम्मेवार**

माथिका विभिन्न अनुच्छेदमा उल्लिखित प्रसंग हेर्दा नेपालको शेयरबजारमा जिम्मेवारहरू सबै बेजिम्मेवार बनेको देखिन्छ । 'लगानीकर्ताका संगठन हौं, बजार सुधार भएन' भन्दै नेप्सेकै ढोकामा 'भोक हडताल'को तमासा देखाउनेले माथि उल्लिखित विषयमा अलिकति पनि ज्ञान राखेको नदेखिँदा यी 'औचित्यहीन समूह' मात्र हुन् भन्ने दृष्टान्त खोज्न धेरै सोच्नु पर्दैन । एउटा बैंकका उल्लेख्य शेयरधनी फलानो बैंकसँग मर्जमा जाने पक्का हो भन्दै भिडियो वार्ता सार्वजनिक गर्छन् तैपनि जिम्मेवार नै बेजिम्मेवार बन्छन् । शेयर बजारमा यस्तो बेजिम्मेवारीको हद कहिलेसम्म चलिरहने होला ?

# लागूऔषध दुर्व्यसन : समस्या र समाधान



प्रताप पौडेल

**औषध भनेको के हो ?**

कुनै पनि औषधि जसको सेवनले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुकासाथै प्रयोगकर्ताको भावना तथा सोचाइमा परिवर्तन ल्याउँछ भने त्यो नै लागुऔषध हो । यसले मानसिक चेतना, अनुभूति र मनोभावनालाई प्रभावित पारी बुझ्ने, सम्झने र सोच्ने शक्तिलाई विकृत तुल्याउँछ । व्यक्तिको सकारात्मक चेतना, मन, क्षमतालाई प्रत्येक्ष अशर पार्दछ भने स्वास्थ्यलाई प्रतिकुल अशर पार्दछ यस्तो पदार्थ नै लागुऔषध हो ।

